# राष्ट्रिय प्रतिवद्धता

(नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८३।३।१८ मा स्वीकृत)

नेपाल सरकार

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

सिंहदरबार, काठमाडौं

## राष्ट्रिय प्रतिवद्धता

## (शासकीय सुधारसम्बन्धी एकसय कार्यसूचीको बुँदा नं. ३ बमोजिम)

### पृष्ठभूमि

नेपालको संविधान तथा लोकतान्त्रिक मूल्य मान्यताको आदर्शलाई आत्मसात गरी वि.सं. २००७ सालदेखि भएका विभिन्न राजनीतिक आन्दोलनका साथै भ्रष्टाचार नियन्त्रण र सुशासन कायम राख्ने नितान्त फरक प्रकृतिको माग राखी गत २०८२ भाद्र २३ र २४ गते भएको जेन-जी जनआन्दोलनको पृष्ठभूमिमा २०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधि सभाको निर्वाचनमा सहभागी भएका राजनीतिक दलहरू मध्ये जम्मा ६ वटा दलले राष्ट्रिय मान्यता प्राप्त गरेका छन्। निर्वाचन परिणाम अनुसार १८२ सिट हासिल गरेको राष्ट्रिय स्वतन्त्र पार्टीका संसदीय दलका नेता वालेन्द्र शाहको नेतृत्वमा सरकार गठन भएको छ। नयाँ सरकार गठन भए पछि २०८२ चैत्र १३ गते शासकीय सुधार सम्बन्धी एकसय कार्यसूची जारी भएको छ। उक्त निर्वाचनमा राष्ट्रिय मान्यताप्राप्त ६ वटा राजनीतिक दलहरूका घोषणापत्र, वाचापत्र तथा प्रतिबद्धताहरूलाई समेटेर यो **राष्ट्रिय प्रतिबद्धता** तयार गरिएको छ। उक्त प्रतिबद्धतामा उल्लेख भएका कतिपय विषयहरू आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम र बजेटमा समावेश भइसकेको छ। साथै, यस प्रतिवबद्धतामा उल्लेख गरिएका अन्य विषयहरूलाई भविस्यका सुधार एजेण्डासँग आवद्ध गर्दै लगिनेछ। यो प्रतिबद्धताको कार्यान्वयन विभिन्न विषयगत मन्त्रालय तथा निकायहरूले आफ्नो वार्षिक कार्यक्रम र वजेटमा समावेश गरी गर्नेछन्। यसको प्रभाकारी कार्यान्वयनको लागि अनुगमन तथा अन्तरनिकाय समन्वयको कार्य प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा स्थापना हुने "प्रधानमन्त्री कार्यसम्पादन एकाइ (PM Delivery Unit)" बाट हुनेछ।

### १. आर्थिक विकास

नेपालको युवा-केन्द्रित जनसाङ्ख्यिक लाभांशलाई आर्थिक रूपान्तरणमा उपयोग गरी मुलुकलाई मध्यम आय मुलुकमा स्तरोन्नति गरिनेछ। निजी क्षेत्रको रोजगारी सिर्जना, वस्तु तथा सेवाको आपूर्ति, राजस्व योगदान र लगानीयोग्य पूँजी प्रवाहमा अग्रणी भूमिका रहनेछ भने सरकार नियामक तथा सहजीकरणको भूमिकामा रहनेछ।

निजी क्षेत्रको गतिशीलता, नवप्रवर्तन र सिर्जनशीलतालाई प्रवर्द्धन गर्न उदार अर्थनीति र सार्वजनिक शिक्षा, स्वास्थ्य, यातायात, आवास तथा सामाजिक सुरक्षामार्फत राष्ट्रिय आयको समतामूलक पुनर्वितरणको सन्तुलन सहित समग्र विकासको आधार तयार गरिनेछ। बजारमा हुने रेन्ट सिकिङ्ग, नीतिगत दोहन, कार्टेलिङ्ग, अस्वस्थ प्रतिस्पर्धा तथा कृत्रिम अभावको अन्त्य गरी नवप्रवर्तन, उद्यमशीलता र स्वस्थ प्रतिस्पर्धालाई प्रोत्साहन गरी उद्योगमैत्री व्यावसायिक वातावरण निर्माण गरिनेछ। निजी क्षेत्रलाई राष्ट्रिय समृद्धिको प्रमुख संवाहकको रूपमा लिई उद्योग व्यवसायको संरक्षण गर्दै व्यवसायमैत्री वातावरण सिर्जना गरिनेछ।

समावेशी आर्थिक वृद्धिका लागि उत्पादनमूलक क्षेत्रको विस्तार गरी श्रमको न्यूनतम जीवनयापनयोग्य मूल्य सुनिश्चित गरिनेछ। प्रगतिशील कर प्रणाली, राज्यस्रोतको न्यायोचित वितरण, क्षेत्रीय सन्तुलन र उद्यमशीलताको प्रवर्द्धन मार्फत दिगो आर्थिक वृद्धि र सम्पत्तिमा रहेको असमानता घटाइनेछ। सार्वजनिक-निजी साझेदारीमा आधारित नवप्रवर्तन र समावेशी आर्थिक विकासको नीति अवलम्वन गरिनेछ।



नेपाल सरकार
प्रधानमन्त्री

बहादुर कार्की
सचिव

मुलुकभित्र रोजगारीको विस्तार, सामाजिक सामञ्जस्यता, अवसरको समानता र पर्यावरणीय सन्तुलनमा गुणात्मक सुधार, आर्थिक विकासमा बाधक रहेका तथा असान्दर्भिक कानुन संशोधन तथा नयाँ कानून निर्माण गरी समग्रमा व्यावसायिक वातावरणमा सुधार गरिनेछ। आर्थिक एजेण्डामा प्रमुख राजनीतिक दलहरूबिच निश्चित समयसम्म राष्ट्रिय सहमति कायम गरी राष्ट्रिय पुंजी निर्माण, रोजगारी सिर्जना, निर्यात वृद्धि र समष्टिगत आर्थिक स्थायित्वका लागि राष्ट्रिय तथा क्षेत्रगत नीति तर्जुमा तथा कार्यान्वयन गरी नेपाललाई सम्मानजनक मध्यम आय भएको मुलुकको रूपमा स्थापित गर्दै आगामी पाँच वर्षमा औसत सात प्रतिशत आर्थिक वृद्धिदर हासिल गरी प्रतिव्यक्ति आय ३,००० डलर तथा कूल गार्हस्थ उत्पादन १०० अर्ब डलर नजिक पुऱ्याइने छ। डिजिटल अर्थतन्त्रलाई आर्थिक वृद्धि, उच्च उत्पादकत्व र गुणस्तरीय रोजगारी सिर्जनाको प्रमुख क्षेत्रको रूपमा विकास गरिनेछ। उद्योग दर्तादेखि नवीकरणसम्मका सबै प्रक्रियालाई कागजविहीन र हैरानीमुक्त बनाउन सरलीकृत डिजिटल प्रणाली लागू गरिनेछ। अनौपचारिक अर्थतन्त्रलाई क्रमश: औपचारिक बनाउन आवश्यक ज्ञान, सूचना तथा सेवा-सुविधा दिई सहजीकरण गरिनेछ। करको संरचना र दायरामा सुधार गर्नुका साथै कर प्रणालीलाई थप सरल, वैज्ञानिक र अनुमानयोग्य बनाइनेछ।

स्वदेशी निजी क्षेत्रको लगानी क्षमता अभिवृद्धि गर्दै वैदेशिक लगानीलाई उत्पादन, प्रविधि हस्तान्तरण र रोजगारी सिर्जनासँग जोडिनेछ। निजी, सहकारी र सार्वजनिक क्षेत्रबिच सन्तुलित र परिपूरक विकासको मोडलमार्फत आर्थिक तथा सामाजिक असमानता न्यूनीकरण गरी पाँच वर्षमा वहुआयामिक गरिबीको दर १० प्रतिशतमा झारिनेछ। यसैगरी आत्मनिर्भर अर्थतन्त्र बनाउन उत्पादन, निर्माण र आविष्कारमा सबैलाई जोड्ने अभियान सञ्चालन गरिनेछ।

सम्पत्ति सुद्धिकरण सम्बन्धमा नेपाललाई ग्रेलिष्टबाट वाहिर निकाल्न वित्तीय पारदर्शिता, मनी लाउण्डरिङ्ग (सम्पत्ति शुद्धीकरण) नियन्त्रण, अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप नियामकीय सुधार तथा प्रभावकारी कार्यान्वयन गरिनेछ।

पुंजीबजारलाई पारदर्शी, सुरक्षित र लगानीमैत्री बनाउन नियामक सुधार, प्रविधिमैत्री कारोवार तथा लगानीकर्ता संरक्षण संयन्त्र सुदृढ गरिनेछ। पूँजी बजारमा साना, स्वदेशी तथा विदेशी संस्थागत लगानीकर्ताको आकर्षण बढाइनेछ। लगानीकर्ताको लगानी सुरक्षित गरिनेछ। संस्थागत लगानीकर्ताको विस्तार, प्रोत्साहन र सहजीकरण गरिनेछ भने पूँजी बजार र कर नीति स्थिर तथा लगानीमैत्री हुनेछन्।

## २. कृषि पेशाको सम्मान र आत्मनिर्भरता

कृषि क्षेत्रमा आयात प्रतिस्थापनलाई टेवा पुग्ने गरी भारतसँगको व्यापार सम्झौता तथा नेपालभित्रै उत्पादन सम्भव भएका कृषि उपजको उत्पादन वृद्धि गरी आत्मनिर्भर हुन नीतिगत, कानुनी र भन्सार सुधार लगायतका कार्य गरिनेछ। कृषि उद्यम तथा उद्योगलाई विशेष प्राथमिकता दिई कर छुट, भन्सार सहुलियत तथा लगानी प्रोत्साहनका उपाय अवलम्बन गरिनेछ। भू-उपयोग योजनाको पुनरावलोकन गरी बाँझो कृषि जग्गाको उपयोग सहित चक्लाबन्दी तथा जग्गा एकीकरण कार्यक्रम सञ्चालन गरिनेछ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिं...

गोविन्द बहादुर कार्की
सचिव

"कृषि नै प्रमुख पेशा र कर्म हो" भन्ने मनोविज्ञानको विकास गरी यसलाई सम्मानजनक र सुरक्षित बनाउन किसान क्रेडिट कार्ड, बीमा र सहुलियत ऋण उपलब्ध गराइनेछ। भूमिहीन, साना किसान र सिमान्तकृत वर्गको संरक्षणका साथै साना किसानलाई कृषि उपजमा आर्थिक अनुदान प्रदान गरिनेछ। योगदानमा आधारित किसान पेन्सनका साथै किसान परिचयपत्रका आधारमा वास्तविक किसानलाई मात्र अनुदान, ऋण, सेवासुविधा र सामाजिक सुरक्षा तथा संरक्षण उपलब्ध गराइनेछ।

रैथाने लगायत उन्नत स्वदेशी र पोषणयुक्त बिउ उपलब्ध गराई गुणस्तरीय कृषिजन्य उत्पादन र बजार सुनिश्चित गरिनेछ। हरेक स्थानीय तहमा सामुदायिक बीउ बैंक स्थापना गरी स्वदेशी/रैथाने बीउ संरक्षण र प्रवर्धन गरिनेछ। रासायनिक मलको माग अद्यावधिक गरी सोका आधारमा खरिदको क्यालेन्डर बनाएर खरिद, बिक्री र वितरणमा देखिएका समस्या समाधान गरिनेछ। निजी क्षेत्रसँगको सहकार्यमा रासायनिक मल कारखाना स्थापना गरी सञ्चालनको लागि विद्युत आपूर्तिको विशेष व्यवस्था गरिनेछ।

पहाडी र उच्च हिमाली क्षेत्रका पकेट जोनका आधारमा उच्च मूल्यका नगदेबालीलाई बढावा दिनुका साथै हिमाली क्षेत्रमा स्थापना हुने जडिबुटी तथा फलफूलसँग सम्बद्ध प्रशोधन उद्योगलाई विशेष अनुदान र कर सुविधा प्रदान गरिनेछ। हुलाकी राजमार्ग र मध्यपहाडी लोकमार्ग आसपास व्यावसायिक कृषि-खाद्य प्रशोधन करिडोर विकास गर्नुका साथै बनपाखामा फलफूल र फूल विरुवा रोप्ने अभियान सञ्चालन गरिनेछ।

प्रदेश र स्थानीय तह समेतको सहकार्यमा पाँचवर्षभित्र थप तीन लाख हेक्टर कृषियोग्य जमीनमा सिंचाई सुविधा विस्तार गर्न राष्ट्रिय गौरवका सिँचाई आयोजनाहरू समयमै सम्पन्न गरिनेछ। यसैगरी कृषि उत्पादन वृद्धि, लागत न्यूनीकरण, जलवायु अनुकूलन तथा मूल्य शृङ्खलाको विकासमा योगदान पुऱ्याइनेछ। माटोको उर्वरा शक्ति बढाउन र संरक्षण गर्न जैविक प्रविधिको प्रयोग र विस्तार गरिनेछ।

### ३. पर्यटन तथा नागरिक उड्डयन क्षेत्रको विकास

नेपाल भित्रिने पर्यटक सङ्ख्या र औसत बसाइ बढाई गुणस्तरीय पर्यटनको आधार तयार गरी पाँच वर्षभित्र प्रतिव्यक्ति खर्च दोब्बर पारिनेछ। यसका लागि पर्यटनलाई विविधीकरण गर्न प्रकृति, संस्कृति, समुदाय जोड्दै नयाँ 'इकोसिस्टम' तयार गरिनेछ। पशुपतिनाथ, लुम्बिनीका साथै काठमाडौं उपत्यकाको संस्कृति तथा वास्तुकला, देवघाटदेखि मुक्तिनाथसम्मको हिन्दु-बौद्ध महिमा र जनकपुरलाई धार्मिक-साँस्कृतिक पर्यटन केन्द्रका रूपमा प्रवर्धन गर्न विशेष पूर्वाधार निर्माण गरिनेछ। यसैगरी प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र र समुदायको सहकार्यमा विविध कार्यक्रम सहित व्यापक रूपमा सन् २०२७ लाई "राष्ट्रिय आरोग्य वर्ष" को रूपमा मनाई आरोग्य पर्यटनको विकास गरिनेछ।

नेपाली सभ्यता, जीवनशैली, स्थानीय भेषभूषा, रैथाने खानपान र शिल्पकला सहितको पर्यटन प्याकेज तथा होमस्टे सञ्चालन गरिनेछ। साहसिक र मनोरञ्जनात्मक पर्यटनका लागि तीनवटै तहका सरकारसँग समन्वय गरी "सफा हिमालः सुरक्षित आरोहण" अभियानका साथै थप पर्यटकीय गन्तव्यको विकास गरिनेछ। साल्पा सिलिचुङ, बौद्ध स्वयम्भु, नमोबुद्ध, लुम्बिनी, मुक्तिनाथ, हलेसी महादेव, पिण्डेश्वर, दन्तकाली, गोसाइकुण्ड, पशुपतिनाथ, पाथिभरा, मुकम्लुङ सुम्निमापारुहाङ लगायतका स्थानलाई धार्मिकस्थल घोषणा गरी पर्यटन केन्द्रको रूपमा विकास गरिनेछ।

पर्यटन तथा आतिथ्यता सम्बन्धी तालिम कार्यक्रम प्रदेश र स्थानीय तहमा सञ्चालन गरिनेछ। मौसमी पर्यटन बढाउन अफ सिजन प्याकेजका साथै विशेष कार्यक्रम सञ्चालन गरिनेछ। पर्वतारोहणका लागि नयाँ हिमाल



नेपाल सरकार प्रधानमन्त्री तथा ...

गोविन्द बहादुर कार्की
सचिव

खुला गरेर आरोहण प्रवर्द्धन गरिनेछ। सार्वजनिक निजी साझेदारीमा होटल, रिसोर्ट, एडभेन्चर सेवा र इको टुरिज्म सञ्चालन गरिनेछ।

नेपाल नागरिक उड्डयन प्राधिकरणलाई सेवा प्रदायक र नियामक गरी दुई स्वायत्त निकायको रूपमा विकास गरी हवाई सुरक्षा सुदृढ गरिनेछ। पोखरा र भैरहवा विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालन गरी विश्वका प्रमुख सहरबाट सिधा उडान सञ्चालन गरिनेछ। पर्यटन पूर्वाधारको विकास, बजार प्रवर्द्धन, हवाई सेवा विस्तार, आन्तरिक सुरक्षा र नयाँ गन्तव्यको विकास गरी नेपालको अनुपम र विशिष्ट विशेषताको ब्राण्डिङ्ग विश्व बजारमा गरिनेछ।

## ४. उर्जा विकास तथा उपयोग

आगामी दशकमा ३०,००० मेगावाट विद्युत् जडित क्षमताको लक्ष्य हासिल गर्न भूमि, वन तथा वातावरण लगायतका कानुन परिमार्जन तथा नीतिगत सुधार गरिनेछ। सरकारबाट भायाबिलिटी ग्याप फण्डिङ्ग (viability gap funding- VGF) उपलब्ध गराउँदै बुढीगण्डकी, दुधकोशी जस्ता ठूला जलाशययुक्त तथा अर्ध - जलाशययुक्त आयोजनाको निर्माणलाई प्राथमिकता दिइनेछ। ऊर्जा-आधारित ठूला उद्योगहरू जस्तै स्टील, सिमेन्ट, जडीबुटी प्रशोधन, डाटा सर्भर स्टेसन तथा रासायनिक मल उद्योगलाई आकर्षित गरिनेछ।

विद्युत उत्पादनसँगै भण्डारण, प्रसारण तथा वितरण प्रणालीमा समेत निजी क्षेत्रको सहभागितालाई प्रोत्साहित गर्न निजीक्षेत्र मैत्री नीतिगत तथा कानुनी व्यवस्था सहित आन्तरिक विद्युत् खपत वृद्धि गर्न उद्योगसम्म प्रसारण लाइन विस्तार गर्ने व्यवस्था मिलाइनेछ। उर्जा विकास सम्बन्धी एकीकृत योजना तर्जुमाका साथै सार्वजनिक नीजि साझेदारीमा उर्जा उत्पादन र स्रोत परिचालन गरिनेछ भने आन्तरिक तथा अन्तरदेशीय प्रशारण लाइनहरू समयसीमा भित्रै सम्पन्न गरिनेछ।

ऊर्जा कूटनीति मार्फत द्विपक्षीय तथा क्षेत्रीय सहकार्य सुदृढ गरी छिमेकी मुलुक भारत र बङ्गलादेशसँग ऊर्जा व्यापार गरिनेछ। नेपाललाई दक्षिण एशियाको स्वच्छ उर्जा निर्यातक हबको रूपमा विकास गर्न स्वच्छ उर्जा उत्पादन, प्रसारण र वितरण प्रणालीमा राज्यको लगानी वृद्धि गरिनेछ। परम्परागत विद्युतका अतिरिक्त ग्रीन हाइड्रोजन उत्पादन र रेअर अर्थ इलेमेन्ट (Rare Earth Element -REE) जस्ता रणनीतिक धातुको अन्वेषणलाई प्राथमिकता दिई हरित उर्जा प्रयोग र निर्यात गर्ने मुलुकको रूपमा विकास गरी उर्जामैत्री देश घोषणाका लागि आवश्यक कार्य गरिनेछ।

## ५. खानी तथा खनिज उत्खनन र प्रयोग

लगानीमैत्री खानी नीति तथा कानुन निर्माण गरी सार्वजनिक निजी साझेदारीमा आधारित लगानी मोडेल विकास गरिनेछ। निर्माणमुखी सामग्री उत्खनन, उत्पादन, आपूर्ति र प्रयोगको समग्र नियमन तथा प्रभावकारिता अनुगमनका लागि खानी तथा खनिज प्राधिकरण स्थापना गरिनेछ। खनिज स्रोतको वैज्ञानिक अध्ययन र नक्साङ्कन गरी मूल्यवान खनिजको उत्खनन र प्रशोधनमा लगानी आकर्षित गर्नुका साथै खानीबाट प्राप्त लाभांशको हिस्सा स्थानीय समुदायले पाउने व्यवस्था गरिनेछ।

वातावरण विनास नहुने गरी ढुङ्गा, गिट्टी र बालुवाको उत्खनन गरी आन्तरिक उपयोगका साथै निर्यात गरिनेछ। यस क्षेत्रमा देखिएका समस्या समाधान गर्न कानुन निर्माण गरी त्यसको आधारमा वातावरणीय, इन्जिनियरिङ्ग, आर्थिक तथा सामाजिक पक्ष समेटी मापनयोग्य र कार्यान्वयनयोग्य मापदण्ड निर्माण गरिनेछ ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

गोविन्द बहादुर कार्की
सचिव

## ६. पूर्वाधार विकास

आयोजना वर्गीकरण र आयोजना कार्यान्वयनमा अन्तरनिकाय समन्वय गरिनेछ। पूर्वाधार निर्माण सम्बन्धी नीति, योजना, प्राथमिकता निर्धारण, स्रोत परिचालन तथा बजेट विनियोजन र आयोजना कार्यान्वयनको समन्वय एकीकृत रूपमा गरिनेछ। सरकारी आयोजनालाई लक्ष्यकेन्द्रित कार्यशैली (Mission Mode) मा कार्यान्वयन गरिनेछ। आयोजनाहरू समयमै गुणस्तरीय रूपमा सम्पन्न गर्न आयोजना सम्पन्न नभएसम्म आयोजना प्रमुख र कर्मचारीको सरुवा नगर्ने व्यवस्था मिलाइनेछ।

राष्ट्रिय गौरवका आयोजनामा नतिजामुखी समयबद्ध कार्ययोजना तयार गरी लागू गरिनेछ। अध्ययन, आवश्यकता, प्राथमिकता र स्रोतको प्रवन्ध नभई पहुँचको भरमा विकास आयोजनामा बजेट विनियोजन गर्ने प्रवृत्तिको अन्त्य गरी प्राथमिकतामा आधारित, परिणाममुखी र राष्ट्रिय विकास लक्ष्यसँग तादात्म्य हुने आयोजनाहरू मात्र कार्यान्वयनमा लगिनेछ।

राजमार्ग, जलमार्ग, विमानस्थल आदि पूर्वाधारलाई एकअर्कासँग आवद्ध गरी एकीकृत मल्टिमोडल ट्रान्सपोर्ट सिस्टमको विकास गरिनेछ ।यातायात सञ्जाललाई आधुनिक र व्यवस्थित बनाइनेछ। मित्रराष्ट्र भारतसँग अन्तर्देशीय जलमार्ग र मित्रराष्ट्र चीनसँग पारवहन तथा व्यापार सम्झौताबमोजिम सामुद्रिक बन्दरगाह उपयोग गरेर अन्तर्राष्ट्रिय व्यापारमा जलमार्गको पहुँच स्थापित गरिनेछ। उत्तर - दक्षिण जोड्ने लोकमार्ग निर्माणको कार्यलाई तीव्रता दिईनेछ।

पूर्वाधार निर्माणमा जलवायु परिवर्तनलाई अनुकुलन हुने गरी प्राकृतिक वातावरणको संरक्षण र सम्वर्द्धन गरिनेछ। सडक यातायातलाई मर्यादित तथा दुर्घटना न्यूनीकरण गर्न स्रोत साधन, प्रविधि, तालिम र जनचेतनामा ध्यान दिइनेछ।

## ७. रोजगार प्रबर्द्धन

नेपालमै बसेर विदेशी कम्पनी, निकाय वा रोजगारदाताका लागि काम गर्न पाउने व्यवस्था सुनिश्चित गर्न कानुनी र नीतिगत संशोधन गरी रिमोट वर्क, डिजिटल रोजगारी तथा सीमापार सेवा निर्यातलाई बढावा दिइनेछ। प्राथमिकता प्राप्त क्षेत्र (सूचना प्रविधि, निर्माण, पर्यटन, व्यावसायिक कृषि आदि) मा नीतिगत सुधार गरी रोजगारीका थप अवसरहरू सिर्जना गरिनेछ। भौतिक पूर्वाधार, सौर्य वा वायु उर्जा र फोहर व्यवस्थापन लगायत हरित उद्योग सम्बन्धी आयोजना सम्पन्न गरी रोजगारी बढाउन बृहत धक्का (Big Push) अभियान सञ्चालन गरिनेछ।

डाक्टर, नर्स, इन्जिनियर, कृषि, वन, सूचना प्रविधि आदि क्षेत्रका प्राविधिक जनशक्तिलाई देशमै रहेर रोजगारी र व्यवसाय गर्न उत्प्रेरित गरिनेछ। स्थानीय तहमार्फत श्रमिकको आवश्यकता र उपलब्धताको अनुसन्धान र अभिलेखीकरण गरी श्रमिकको दक्षता विकास कार्यक्रम सञ्चालन गरिनेछ। रोजगारीलाई अस्थायी राहत होइन स्थायी आधार बनाउँदै पाँच वर्षमा १५ लाख रोजगारी सिर्जना गरिनेछ।

डिजिटल अर्थतन्त्रलाई आर्थिक वृद्धि, उच्च उत्पादकत्व र गुणस्तरीय रोजगारी सिर्जनाको प्रमुख क्षेत्रका रूपमा विकास गर्न आवश्यक पूर्वाधार विकास मार्फत सार्वजनिक-निजी लगानी अभिवृद्धि गरिनेछ। कृषि उत्पादनको आधुनिकीकरण गरी रोजगारीका अवसरहरू सिर्जना गर्नुका साथै परम्परागत सिपको आधुनिकीकरण र ब्रान्डिङ्ग मार्फत पुस्तैनी सिपलाई आधुनिक प्रविधि र ठूला उद्योगसँग जोडिनेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

गोविन्द बहादुर कार्की
सचिव

श्रम संस्कृतिको सम्मान र श्रमदानलाई अनिवार्य बनाउँदै उत्पादन, निर्माण तथा खोज, अनुसन्धान र आविष्कारमा संलग्न गराई जनसङ्ख्यालाई जनशक्तिको रूपमा रूपान्तरण गर्ने अभियान सञ्चालन गरिनेछ। ग्रामीण रोजगारी कार्यक्रमका साथै निजी क्षेत्रलाई रोजगारी सिर्जना गर्न रोजगार मेला आयोजना गरिनेछ। श्रम बजारलाई सुरक्षित, मर्यादित र न्यायपूर्ण श्रम बजार निर्माणका लागि ठगी, ज्याला बक्यौता र श्रम शोषण अन्त्य गर्न व्यापक श्रम बजार सुधार कार्यक्रम लागू गरिनेछ।

वैदेशिक रोजगारीलाई स्वैच्छिक बनाई पूर्व सूचना, सिप/तालिम र क्षमता विकासका साथै आप्रवासी श्रमिकको अधिकार र सुरक्षाको प्रत्याभूति गरिनेछ। वैदेशिक रोजगारमा जाने नागरिकहरूको हित संरक्षण गर्न वैदेशिक रोजगार कम्पनीहरूलाई पारदर्शी, नियमसम्मत र पूर्ण जवाफदेही बनाई यस क्षेत्रमा हुने ठगी, अत्यधिक शुल्क असुली र झुट्टा करार गर्ने प्रवृत्तिमाथि कडा कारबाही गरिनेछ। वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकको ज्ञान सिप र पूँजीलाई स्वदेशको विकासमा उपयोग गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणलाई सुरक्षित लगानीमा रूपान्तरण गर्न इन्जिनियरिङ परामर्श र प्राविधिक सहयोग गरिनेछ।

## ८. शिक्षा तथा स्वास्थ्य क्षेत्रको सुधार

विद्यालय तहदेखि नै कोडिङ, डेटा, कृत्रिम बौद्धिकता तथा साइवर सुरक्षा जस्ता विषयहरु पाठ्यक्रममा समावेश गरिनेछ। विश्वविद्यालय, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) तथा नीजि क्षेत्रको सहकार्यमा रोजगारीमुखी सूचना प्रविधि कार्यक्रम सञ्चालन गरिनुका साथै सिक्दै कमाउँदै (Earn While You Learn) मोडल विकास गरिनेछ। विदेशमा रहेका नेपालीको सिप, ज्ञान तथा अनुभवलाई ब्रेन गेनका रूपमा प्रयोग गरिनेछ। विद्यालय देखि विश्वविद्यालय तहसम्म STEM (Science, Technology, Engineering and Mathematics) शिक्षालाई व्यवहारिक, अनुसन्धानमुखी तथा रोजगारीसँग जोड्ने गरी पाठ्यक्रम र शिक्षण प्रणाली सुधार गरिनेछ। विज्ञान तथा प्रविधि र नवप्रवर्तनको भरपूर उपयोग गरी रोजगारी वृद्धि गरिनेछ। कामका लागि सिप अनिवार्य गर्न राष्ट्रिय सिप विकास अभियान सञ्चालन गरिनेछ।

सार्वजनिक शिक्षाको गुणस्तर, पहुँच र प्रतिस्पर्धात्मक क्षमतामा आमूल सुधार ल्याउन आगामी दुई दशकसम्म उल्लेखनीय लगानी थप्दै गुणस्तर वृद्धि गरिनेछ। विद्यालय शिक्षालाई क्रमशः अनिवार्य र निःशुल्क बनाउँदै पूर्व-आधारभूत शिक्षा सहित सबै बालबालिकाको शिक्षामा समान पहुँच सुनिश्चित गरिनेछ। आधारभूत तहसम्म स्थानीय मातृभाषामा शिक्षा दिने तथा विद्यालयमा नैतिक शिक्षा सम्बन्धी पठनपाठनको व्यवस्था गरिनेछ। सरकारी र सामुदायिक विद्यालयमा शिक्षक, पूर्वाधार, उपकरण आदि उपलब्ध गराउन आवश्यक लगानी गरिनेछ। विद्यालयहरूलाई शैक्षिक उपलब्धिका आधारमा अतिरिक्त अनुदानको व्यवस्था गरिनेछ। शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइसँग आबद्ध गरिनेछ।

निजी र सरकारी विद्यालयबिच रहेको गुणस्तरको खाडललाई न्यूनीकरण गर्न सरकारी विद्यालयको गुणस्तर सुधार गरिनेछ। निजी क्षेत्रद्वारा प्रदान गरिँदै आएको शिक्षालाई थप सेवामुखी, उत्तरदायी र गुणस्तर-केन्द्रित बनाउन समग्र पुनरावलोकन तथा नीतिगत सुधार गरिनेछ। बालबालिकाको "शिक्षा पाउने अधिकार" लाई अक्षुण्ण राख्न हरेक प्रदेशमा कम्तीमा एक "अत्याधुनिक नमूना समावेशी विद्यालय" स्थापना गर्दै सबै विद्यालयलाई क्रमशः पूर्णतः पहुँचयुक्त र समावेशी बनाईनेछ। जीवनोपयोगी शिक्षा पद्धति लागू गरिनेछ। हप्ताको निश्चित दिन उत्पादन, निर्माण, आविष्कार, खेलकुद, सङ्गीत, कला र साहित्य विषयमा व्यक्तिगत उन्नयन र देश विकासका लागि व्यावहारिक श्रम-शिक्षा र क्रियाकलापमा लगाइनेछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

गोविन्द बहादुर कार्की
सचिव

उच्च शिक्षालाई प्रतिस्पर्धी, अनुसन्धानमुखी तथा रोजगार-उन्मुख बनाउन विश्वविद्यालयहरूको पुनर्संरचना गरिनेछ। शैक्षिक क्यालेण्डरको पालना, रोजगारमुखी प्राविधिक शिक्षा र पढ्दै कमाउँदै र कमाउँदै पढ्दै कार्यक्रम सञ्चालन गरी उच्च शिक्षा पछि विदेश जाने प्रवृत्ति घटाइनेछ। त्रिभुवन विश्वविद्यालयलाई राष्ट्रिय विश्वविद्यालय बनाई उत्कृष्ट केन्द्रको रूपमा विकास गरिनेछ। शिक्षा प्रणालीलाई गुणस्तरीय, समावेशी र सङ्घीय संरचनासँग सुसङ्गत बनाइनेछ। विश्वविद्यालयहरूलाई शैक्षिक, प्रशासनिक तथा वित्तीय स्वायत्तता प्रदान गर्नुका साथै नियुक्ति, सरुवा, बढुवाजस्ता कार्यलाई योग्यताप्रणालीमा आवद्ध गरिनेछ। शिक्षक तथा प्राध्यापकहरूको राजनीतिक आवद्धतालाई पूर्णतः निषेध गरिनुका साथै विश्वविद्यालय र विद्यालयहरूलाई दलीय राजनीतिक गतिविधिबाट मुक्त गरिनेछ।

प्रत्येक स्थानीय तहमा कम्तीमा दुईवटा मोडेल विद्यालयका साथै पठन संस्कृतिको विकास गर्न प्रत्येक जिल्लामा कम्तीमा एउटा सार्वजनिक पुस्तकालय निर्माण गरिनेछ। मौलिक सिप र कलालाई नयाँ पुस्तामा हस्तान्तरण गर्न गुरु-चेला परम्परामा आधारित विशेष छात्रवृत्ति र तालिम कार्यक्रम मार्फत सांस्कृतिक पुनर्जागरण अभियान सञ्चालन गरिनेछ। नेपाललाई शान्ति अध्ययन, योग, आयुर्वेद, ध्यान, मानसिक स्वास्थ्य र पूर्वीय दर्शनको अन्तर्राष्ट्रिय केन्द्रका रूपमा विकास गरिनेछ ।

समग्र स्वास्थ्य प्रणाली सुधारका साथै आधारभूत स्वास्थ्यमा न्यूनतम मापदण्ड तयार गरी एकीकृत मोडल लागू गरिनेछ। सङ्घ, प्रदेश र स्थानीय तहका स्वास्थ्य संरचनाको पुनर्संरचना गरी स्वास्थ्यकर्मी, उपकरण, भवन तथा सेवाको वर्गीकरण/गुणस्तर निर्धारण गरिनेछ। प्रत्येक प्रदेशमा एक अत्याधुनिक अपाङ्गता पुनर्स्थापना विशिष्टीकृत स्रोत केन्द्र स्थापना गरी एकीकृत स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ। जलन पीडितलाई निःशुल्क र गुणस्तरीय उपचार तथा मानसिक स्वास्थ्य सेवालाई नागरिकको पहुँचमा पुऱ्याइनेछ।

ग्रामीण र दुर्गम क्षेत्रमा स्वास्थ्य सेवाको पहुँच विशेष प्राथमिकताका साथ विस्तार गरिनेछ। टेलिमेडिसिन विस्तार गरी ग्रामीण क्षेत्रमा गुणस्तरीय सेवा प्रदान गरिनेछ। प्राथमिक स्वास्थ्य सेवा केन्द्रमा कम्तीमा एक MDGP (MD in General Practice) चिकित्सक, नर्स, प्रयोगशाला र फार्मेसी सेवा उपलब्ध गराइनेछ।

स्वास्थ्य बीमा कार्यक्रमलाई पुनर्सरचना गरी गुणस्तरीय तथा प्रत्येक नागरिकको पहुँचमा पुग्ने गरी विस्तार गरिनेछ। "एक नागरिक एक डिजिटल स्वास्थ्य प्रोफाइल" लागू गर्नुका साथै छरिएर रहेका स्वास्थ्य सम्बन्धी सुविधा र सहुलियतहरूलाई सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रममा एकीकृत गरिनेछ।

नसर्ने रोगको नियन्त्रण तथा रोकथाम उपचारमुखी भन्दा रोकथाममुखी ढङ्गले गर्ने रणनीति अवलम्बन गरिनेछ। रोग लागेपछि उपचार होइन रोग नै लाग्न नदिने अवस्था सिर्जना गर्न स्वस्थ हावापानी, वातावरण र सक्रिय जीवनशैलीलाई प्रोत्साहन गरी "म स्वस्थ, मेरो परिवार स्वस्थ" भन्ने महाअभियान सञ्चालन गरिनेछ। स्वास्थ्य सेवामा आयुर्वेद, प्राकृतिक चिकित्सा, वैज्ञानिक प्रमाणित भएका परम्परागत उपचार पद्धति र योग-ध्यानलाई जोडी प्रमुख पर्यटकीय क्षेत्रहरूमा आरोग्य क्षेत्र (Wellness Zone) र योग प्रयोगशालाको निर्माण गरिनेछ। पाठ्यक्रममा योग, ध्यान र आरोग्य पर्यटन समावेश गरिनेछ।

औषधीको मूल्य निर्धारण संयन्त्रलाई पारदर्शि र प्रभावकारी बनाई औषधीको मूल्य सस्तो पार्नुको साथै नेपाल औषधि लिमिटेडको सुदृढीकरण गरिनेछ। निजी औषधी उद्योगलाई सहुलियत प्रदान गरी औषधी उत्पादनमा मुलुकलाई आत्मनिर्भर बनाइनेछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

गोविन्द बहादुर कार्की
सचिव

ज्येष्ठ नागरिक तथा असक्त नागरिकको घरदैलोमा आधारभूत स्वास्थ्य सेवा पुऱ्याइनेछ। गरिब, मजदुर, किसान, अपाङ्ग लगायतका व्यक्तिको लागि निःशुल्क उपचारको व्यवस्था गर्दै लगिनेछ। अनिवार्य श्रम गर्नेलाई निःशुल्क स्वास्थ्य सेवाको नीति लागू गरिनेछ। स्वास्थ्य क्षेत्रको बजेट हिस्सा वि.सं. २०८८ सम्म ८ प्रतिशत पुऱ्याइनेछ।

## ९. वन, वातावरण तथा जलवायु परिवर्तन

प्रकृति, वन र वातावरणको संरक्षण, व्यवस्थापन र सन्तुलनमा अन्तरपुस्ता जिम्मेवारीबोध अभिवृद्धि गरी राष्ट्रिय समृद्धिमा सदुपयोग गरिनेछ। वन क्षेत्रको दिगो व्यवस्थापनका लागि आधुनिक प्रविधि तथा डिजिटल प्रणालीको प्रयोग गरिनेछ। वन क्षेत्र, प्रजाति र जैविक विविधताको संरक्षणलाई प्राथमिकतामा राखेर आम जनताको आवश्यकता संबोधन गर्न तथा वन सम्पदामा आधारित आर्थिक क्रियाकलाप विस्तार गर्न पुग्ने गरी वन जङ्गल, जडिबुटी लगायतका वन पैदावारको उपयोग गरिनेछ। यसैगरी उद्योग, कार्यालय, व्यवसाय र प्रतिष्ठानहरू वातावरणमैत्री बनाईनेछ। वातावरण संरक्षण गर्न हरित अर्थतन्त्रको प्रवर्द्धन गरिनेछ। हरित अर्थतन्त्रको प्रवर्द्धनका लागि "हरित अर्थतन्त्र कार्यढाँचा" विकास गरी लागू गरिनेछ।

सामुदायिक तथा राष्ट्रिय वनको सुरक्षाका लागि वन डढेलो उच्च सतर्कता केन्द्र स्थापना गरी ड्रोन र स्याटेलाइट प्रविधि मार्फत रियल टाइममा निगरानी गरिनेछ। वन सम्पदाको व्यावसायिक विकास र उपयोगको लागि सरकारी, सामुदायिक र निजी वनसँग सम्बन्धित नीतिगत तथा कानुनी सुधार गरी वनजन्य काठको सहज उपयोग र बिक्री मार्फत विदेशबाट हुने काठको आयात घटाइनेछ।

वन, जलाधार र पानीको संरक्षण गरी जलवायु अनुकूल दिगो विकास सुनिश्चित गरिनेछ। मध्यपहाडी र चुरे क्षेत्रमा सम्भाव्य स्थानमा पानी सङ्कलन पोखरी निर्माण गरी वर्षा र खोलाको पानी व्यवस्थापन गरी बाढी र खडेरीको शृङ्खला तोड्न वैज्ञानिक प्रणाली अपनाइनेछ। चुरे क्षेत्रका ढुङ्गा, गिट्टी र बालुवाको अनियन्त्रित दोहन नियन्त्रण गर्न वैज्ञानिक उत्खनन तथा निर्यात कार्यविधि तयार गरी एकीकृत चुरे संरक्षण प्राधिकरणलाई तीनवटै तहको साझा जिम्मेवारी सहित थप अधिकार सम्पन्न बनाईनेछ।

सबै नागरिकलाई सुरक्षित पिउने पानीको सुनिश्चितता गर्नुका साथै आर्सेनिकमुक्त तराई अभियान सञ्चालन गरिनेछ। मधेश प्रदेशमा भूमिगत जलस्तर सुधार र मरुभूमीकरणको जोखिम न्यूनीकरण गर्न परम्परागत पोखरी, इनार र चापाकललाई वैज्ञानिक दृष्टिले पुनःसञ्चालन तथा वर्षा र नदीजन्य पानी सङ्कलन, संरक्षण र दिगो प्रयोग प्रवर्धन गरिनेछ। परम्परागत पोखरी, ढुङ्गेधारा र मूलको संरक्षणका साथै भौगोलिक र प्राकृतिक स्वरूपको समेत जगेर्ना गरिनेछ।

वायु प्रदुषणलाई विश्व स्वास्थ्य संस्थाको मापदण्ड भित्र ल्याउन बहुपक्षीय योजना लागू गरिनेछ। पूर्वाधार निर्माण र वातावरण तथा प्राकृतिक स्रोत संरक्षणको दिगो सन्तुलन कायम गरिनेछ।

पूर्वाधार निर्माणमा वातावरणीय प्रभाव मूल्याङ्कन, जग्गा प्राप्ति, रुख कटान र निकुञ्ज तथा संरक्षित क्षेत्रमा पूर्वाधार निर्माण सम्बन्धी झन्झटिला प्रक्रिया, कानुन र कार्यविधिहरू तत्काल सरलीकृत गरिनेछ।

राष्ट्रिय जलवायु वित्त रणनीति जारी गरी विश्वव्यापी जलवायु कोषबाट नेपालले पाउनुपर्ने क्षतिपूर्ति र अनुदान प्राप्त गर्न उच्चस्तरीय कूटनीतिक पैरवी गरिनेछ। यसैगरी जलवायु परिवर्तनको मुद्दालाई अन्तर्राष्ट्रिय मञ्चमा जलवायु न्यायको रूपमा सशक्त रूपमा उठाइनेछ। यसका साथै कार्वन व्यापारको स्पष्ट कानुनी र संस्थागत आधार तयार गरिनेछ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

गोविन्द बहादुर कार्की
सचिव

## १०. सुशासन तथा भ्रष्टाचार नियन्त्रण

सम्वत् २०४६ पछि सार्वजनिक पदमा आसीन व्यक्तिको सम्पत्ति पारदर्शी र कानुनी प्रकृया अनुसार छानविन गरिनेछ। संवैधानिक निकायहरूको संस्थागत सुदृढीकरणका साथै मन्त्रिपरिषद्ले गर्ने नीतिगत निर्णयको परिभाषा गरिनेछ। भ्रष्टाचार सम्बन्धी सूचना दिनेलाई संरक्षण तथा प्रोत्साहन गर्न सूचक संरक्षण सम्बन्धी कानुनका साथै स्वार्थको द्वन्द्व सम्बन्धी कानुन निर्माण र असल नियतले गरेको कार्यलाई परिभाषित गरिनेछ। राजनैतिक नेतृत्व र प्रशासनिक नेतृत्वको कार्यक्षेत्र तथा अधिकार कानुनद्वारा स्पष्ट रूपमा परिभाषित गरिनेछ। सार्वजनिक सेवालाई राजनीतिक दवाबबाट मुक्त, निष्पक्ष, सक्षम, जनउत्तरदायी र प्रविधिमैत्री बनाइनेछ। अनुसन्धान तथा नियमनकारी निकाय र संस्थाको संरचना सुधार गरी सबल बनाइनेछ।

राज्यका विभिन्न निकायमा कार्यरत कर्मचारीमा दलीय आवद्धता अन्त्य गर्न नीतिगत र कानुनी प्रवन्धका साथै सरकारी सेवाभित्रको दलीय ट्रेड युनियन खारेज गरिनेछ।

क्षमता, दक्षता र प्रतिस्पर्धात्मक सोच भएको थोरैले धेरै सेवा दिने आधुनिक निजामती सेवाको निर्माण गरिनेछ। नियुक्तिमा इमान्दारिता र नैतिकता परीक्षणको विधि अवलम्बन गरिनेछ। न्यायाधीश नियुक्ति मेरिटोक्रेसी र प्रतिस्पर्धात्मक प्रणालीका आधारमा गरिनेछ।

शान्ति सुव्यवस्था कायम गर्ने, विधिको शासन सुनिश्चित गर्ने, निष्पक्ष, छिटो छरितो गुणस्तरीय सेवा सुविधा उपलब्ध गराउने, सहज सार्वजनिक सेवा प्रवाह प्रणालीको ग्यारेन्टी, अनियमितता, ढिलासुस्ती, विकृति लगायतका सबै प्रकारका भ्रष्टाचारको नियन्त्रण गरिनेछ।

राष्ट्रिय सतर्कता केन्द्रलाई अधिकार सम्पन्न बनाइनेछ। नीति तथा कानुन निर्माण र निर्णयमा विचौलियाको प्रभावलाई पूर्ण रूपले अन्त्य गरिनेछ। सेवाप्रदायक निकायलाई सुशासन सूचकाङ्क प्रणालीमा आवद्ध गरी सेवाग्राहीले कार्यालयको मूल्याङ्कन गर्ने प्रणाली विकास गरिनेछ ।

## ११. प्रशासनिक सुधार तथा सेवा प्रवाह

सङ्घीय मन्त्रालयको संख्या १७ कायम गरिनेछ। प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई सुशासन प्रवर्द्धन, अन्तर मन्त्रालय समन्वय, ठूला आयोजनाको प्रत्यक्ष अनुगमन गर्ने नतिजा केन्द्रको रूपमा रूपान्तरण गरिनेछ। राष्ट्रिय योजना आयोगलाई तथ्याङ्क र अनुगमनमा केन्द्रित थिङ्क टयाङ्क ढाँचामा लगिनेछ भने नीति अनुसन्धान प्रतिष्ठानको पुनर्संरचना गरिनेछ।

सङ्घ, प्रदेश र स्थानीय प्रशासनबिच प्रभावकारी अन्तरसम्बन्ध कायम गर्न योग्यतामा आधारित प्रणाली स्थापित गर्न, अनावश्यक र कार्यगत दोहोरोपना हटाउन र प्रतिस्पर्धामा आधारित सार्वजनिक प्रशासनको पुनर्संरचना गरिनेछ। आउँदो पाँच वर्षभित्र सरकारी सेवामा नयाँ र सक्षम जनशक्ति भित्र्याइनेछ।

नतिजामूलक प्रशासन सुनिश्चित गर्न स्पष्ट कार्य सम्पादन सूचकाङ्क, मूल्याङ्कन, पदोन्नति र वृत्ति विकासको व्यवस्थासहित निजामती सेवा सम्बन्धी कानुन जारी गरिनेछ। भत्ता लगायतका असङ्गत अतिरिक्त सुविधाहरूको सट्टा आधारभूत वेतनलाई उचित, नियमित र समय सापेक्ष परिमार्जन गरी कार्यान्वयन गरिनेछ।

सेवा लिन कार्यालय-कार्यालय धाउनुपर्ने, मध्यस्थ र कर्मचारीसँग प्रत्यक्ष भेट गर्नुपर्ने लगायतका हैरानीको अन्त्य गरिनेछ। प्रकृया लेखाजोखा गरी परम्परागत र झन्झटिलो तहगत टिप्पणी प्रथाका साथै कागजमा



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

गोविन्द बहादुर कार्की
सचिव

आधारित प्रशासनिक प्रकृया चरणवद्ध रूपमा अन्त्य गरिनेछ। सार्वजनिक सेवा प्रवाहमा टाइम कार्ड लागू गरिनेछ।

## १२. सूचना प्रविधि तथा विद्युतीय शासन

सूचना प्रविधि क्षेत्रलाई राष्ट्रिय रणनीतिक उद्योगको रूपमा घोषणा गरिनुका साथै सूचना प्रविधि तथा विधुतीय शासन सम्बन्धी अधिकार सम्पन्न संगठन स्थापना गरिनेछ। डिजिटल अर्थतन्त्रलाई आर्थिक वृद्धि, उच्च उत्पादकत्व र गुणस्तरीय रोजगारी सिर्जनाको प्रमुख क्षेत्रको रूपमा विकास गरिनेछ।

समग्र डिजिटल अर्थतन्त्र निर्माणका लागि सञ्चार तथा सार्वजनिक पूर्वाधार, डेटा सेन्टर, क्लाउड सेवा, साइवर सुरक्षा, वैयक्तिक विवरणको गोपनीयता र सुरक्षा विधि तथा उच्चगतिको कनेक्टिभिटीमा प्राथमिकतासाथ लगानी गरिनेछ। सरकारी र सार्वजनिक प्रयोजनका लागि आवश्यक सफ्टवेयर र एप्लिकेशनहरू नेपालमै विकास गर्न प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ।

आगामी पाँच वर्षभित्र कृत्रिम बौद्धिकता र कम्प्यूटेसन शक्ति निर्यात गर्ने देशको रूपमा नेपाललाई रूपान्तरण गरिनेछ। नेपालमै डेटा केन्द्र, एआई कम्प्युटिङ्ग र डिजिटल सेवाको स्वदेशी उद्योग निर्माण गरी विश्व अर्थतन्त्रसँग जोडिनेछ। नेपाली आईटी कम्पनीहरूलाई विश्व बजारमा प्रतिस्पर्धी बनाउन "नेपालबाट विश्वतर्फ" (From Nepal to the World) अभियानमुखी कार्यक्रम सञ्चालन गरिनेछ। सबै डिजिटल पूर्वाधारलाई अन्तर्राष्ट्रियस्तरमा विकास गरिनेछ। वहुराष्ट्रिय प्रविधि कम्पनीहरूलाई नेपालमा विकास र नवप्रवर्तन केन्द्र स्थापना गर्न आकर्षित गरिनेछ। सूचना प्रविधि कम्पनीलाई कर सहुलियत प्रदान गरिनेछ। सरकारी डिजिटल परियोजनाहरूमा स्थानीय सूचना प्रविधि कम्पनीहरूको सहभागिता र साझेदारी सुनिश्चित हुने गरी सार्वजनिक खरिद प्रणालीमा सुधार गरिनेछ।

नेपालको आफ्नै भू-उपग्रह स्थापना गरी ग्रामीण तथा दुर्गम क्षेत्रमा आधारभूत दूरसञ्चार सेवा र डिजिटल कनेक्टिभिटी सुनिश्चित गरिनेछ। कृत्रिम बौद्धिकता र जेनेरेटिभ एआईमा आधारित नवप्रवर्तनलाई उच्च प्राथमिकता दिँदै Sovereign Large Language Model (SLLM) विकास र प्रयोग गरिनेछ। डिजिटल नेपाल फ्रेमवर्कलाई समयानुकूल परिमार्जन तथा नागरिक एपलाई सुपर एपको रूपमा विकास गरिनेछ। डिजिटल सिपमा लगानी वृद्धि गर्नुका साथै आर्टिफिसियल इन्टेलिजेन्स तथा कन्टेन्ट मोडरेसनसहित डिजिटल साक्षरतालाई कक्षा १२ सम्म अनिवार्य गरिनेछ।

कृत्रिम बौद्धिकता, डाटा साइन्स, साइवर सुरक्षा, फिनटेक, बायोटेक र नवीकरणीय उर्जा जस्ता उदीयमान प्रविधिमा युवालाई दक्ष बनाउन राष्ट्रिय कार्यक्रम सञ्चालन गरिनेछ। विशेष इन्क्युबेशन केन्द्र स्थापना गरी आईटी पार्कहरूको विकास मार्फत डिजिटल उद्यमशीलता प्रवर्द्धन गर्नुका साथै नवप्रवर्तन कोष (Innovation Fund) स्थापना गरी युवा उद्यमीलाई मार्गदर्शन (Mentoring), लगानी सुरक्षा र सहयोग सुनिश्चित गरिनेछ। आविष्कार केन्द्र खोल्ने र आविष्कारहरूको बजारीकरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

## १३. सामाजिक न्याय तथा समावेशीकरण

नेपालको सामाजिक संरचना, राज्यका कानून, नीति तथा व्यवहारका कारण पुस्तौंदेखि अन्याय, अपमान, शोषण र बहिष्करणमा परेको ऐतिहासिक यथार्थतालाई आत्मसात गर्दै संरचनात्मक विभेदको अन्त्यका लागि अझ ठोस कानुनी, नीतिगत र संस्थागत सुधार गरिनेछ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

गोविन्द बहादुर कार्की
सचिव

सरकारी र सार्वजनिक निकायहरूमा समावेशी सहभागिताको प्रभावकारिता जाँच्न समावेशी अडिट गरिनेछ। दलित समुदायको उत्थान र मूलप्रवाहीकरणका साथै संवैधानिक र राज्यका अन्य संरचनामा समावेशी समानुपातिक सहभागिता सुनिश्चित गरिनेछ। दलित समुदायलाई समानुपातिक समावेशीकरणका अतिरिक्त विशेष सुविधा उपलब्ध गराईनेछ। मधेशी, थारु, मुस्लिम समुदायको पहिचान, भाषा, संस्कृतिको संरक्षण गर्दै राज्यको मूल प्रवाहमा समान पहुँच दिलाइनेछ। राज्यका सबै निकायमा महिलाको अर्थपूर्ण सहभागिता र समान कामको समान ज्याला सुनिश्चित गरिनेछ।

उत्पीडित समुदायको परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको उपयोगका साथै आधुनिकीकरण गर्न स्रोत, साधन र सिप उपलब्ध गराइनेछ। यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकका लागि रोजगारीको सुनिश्चितता, स्वास्थ्य उपचार, नि:शुल्क शिक्षा तथा सामाजिक अन्तरघुलनका लागि समावेशी नीति ल्याइनेछ। अपाङ्गता भएका नागरिकको सर्वाङ्गीण विकास र हकहितका लागि विशष्टीकृत राष्ट्रिय निकाय गठन गरिनेछ। अपाङ्ग, अशक्त, असहाय, उत्पीडित, सीमान्तकृत समुदाय र टुहुरा बालबालिकालाई शिक्षा, स्वास्थ्य र हेरचाहको व्यवस्था गर्न स्याहार केन्द्र स्थापना गरिनेछ।

राज्यका सबै निकायमा अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, मधेशी, थारु समुदायको उत्थान र विकासका साथै महिलाको मूलप्रवाहीकरण गर्दै आदिवासी, जनजाति, खस आर्य, मधेशी, दलित, मुस्लिम र अल्पसङ्ख्यक सीमान्तकृत समुदायको अधिकार सुनिश्चित गरिनेछ। राज्यका कुनै पनि व्यक्तिलाई समुदाय, भाषा, वर्ण, धर्म, लिङ्ग, संस्कृति, परम्परा, पेशा, वैचारिक आस्था या यौनिक पहिचानको आधारमा विभेद गरिने छैन।

## १४. अन्तर्राष्ट्रिय कुटनीति र परराष्ट्र सम्बन्ध

नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय हितलाई सर्वोपरी राख्दै बदलिँदो वैश्विक भू-राजनीति र छिमेकी शक्तिहरूको उदयलाई नेपालको विकासको अवसरमा बदल्न 'सन्तुलित र गतिशील कूटनीति' अवलम्बन गरिनेछ। नेपालका कूटनीतिक नियोगहरूको काम र जिम्मा नियोगको सक्रियता र नतिजा मापन गर्न वैज्ञानिक 'परफरमेन्स अडिट' प्रणाली सुरु गरिनेछ।

नेपालको सार्वभौमसत्ता र राष्ट्रिय हितलाई सर्वोपरि राख्दै नेपाललाई 'भाइब्रेन्ट ब्रिज' को रूपमा रूपान्तरण गरी त्रिपक्षीय आर्थिक साझेदारी र कनेक्टिभिटीका माध्यमबाट राष्ट्रिय हित सुनिश्चित गरी नेपाललाई स्वतन्त्र, तटस्थ र विश्वशान्तिमा आधारित असंलग्न राष्ट्रको रूपमा विश्वमञ्चमा स्थापित गरिनेछ।

कुनैपनि सैन्य गठजोड, हातहतियारको दौड र युद्धले शान्तिलाई वाधा पुऱ्याउँछ भन्ने मान्यता सहित सबैसँग समदूरी र समनिकटताको नीति अवलम्बन गरिनेछ। सम्पूर्ण कूटनीतिको केन्द्रमा “नेपाल प्रथम: नेपाली प्रथम” को अवधारणा आत्मसात गरिनेछ। आर्थिक कूटनीतिलाई बढावा दिनुका साथै 'सगरमाथा सम्वाद' जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ।

जलवायु परिवर्तन, हिमालयको संरक्षण, पर्वतीय मुद्दा र भूपरिवेष्ठित राष्ट्रका साझा हितमा अन्तर्राष्ट्रिय मञ्चमा नेपालको आवाज सशक्त रूपमा उठाइनेछ। वैदेशिक रोजगारमा रहेका नेपाली कामदारको हकहित, सुरक्षा र सामाजिक सुरक्षाको लागि अन्तर्राष्ट्रिय समुदायसँग समन्वय गरिनेछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार काठमाडौं

गोविन्द बहादुर कार्की
सचिव

## १५. नेपाली डायस्पोराको ज्ञान, सीप र पूँजीको उपयोग

संवैधानिक र कानुनी व्यवस्था गरी गैर आवासीय नेपालीको नागरिकताको निरन्तरता, पैतृक सम्पत्तिको अधिकार सुनिश्चित गरिनेछ। "एकपटकको नेपाली सधैंको नेपाली" लाई सुनिश्चित गरी विदेशमा रहेका नेपालीको ज्ञान, सीप र अनुभवलाई ब्रेन गेनको रूपमा प्रयोग गरिनेछ। गैर आवासीय नेपालीहरूलाई खास प्राकृतिक लगानीकर्ता (Supreme Organic Investor) को स्थान दिई पूर्वाधार विकास र निर्यातमूलक उद्योगमा लगानी गर्न वार्षिक एक खर्बको डायस्पोरा बण्ड जारी गरिनेछ।

डायस्पोराको पुँजी र ज्ञान आकर्षित गरी अन्तर्राष्ट्रियस्तरको खेलकुद शहर, उच्च शिक्षा अनुसन्धान केन्द्र, विशिष्टीकृत स्वास्थ्य सेवा, सांस्कृतिक पर्यटन लगायतका क्षेत्रमा आयोजनाहरूको विविधीकरण गर्नुका साथै फास्ट ट्र्याक मोडेलमा निर्माण गरिनेछ। विदेशमा वस्ने नेपालीहरूको लगानी प्रोत्साहन गर्न नेपालीहरूको ठूलो बसोवास भएका देशहरूसँग दोहोरो कर प्रणाली अन्त्य गर्न द्विपक्षीय सम्झौता गरिनेछ। पहिलो पुस्ताका डायस्पोराका लागि "सेवा निवृत्तिपछि मातृभूमि फर्कौं" भन्ने प्याकेज ल्याइनेछ।

## १६. खेलकुद विकास

खेलकुदलाई राष्ट्रिय एकता, मानव विकास, राष्ट्रिय गौरव र आर्थिक समृद्धिको मेरुदण्डका रूपमा विकास गरिनेछ। अधुरा रङ्गशालाहरूलाई समयमै सम्पन्न गर्दै साते प्रदेशमा अत्याधुनिक र पूर्णत:पहुँचयुक्त खेल पूर्वाधारहरू निर्माण गरिनेछ। खेल प्रशासनमा राजनीतिक नियुक्ति पूर्णतः खारेज गरी पेशागत नेतृत्व र पारदर्शी बजेट व्यवस्था लागू गरिनेछ।

विद्यालयस्तरदेखि नै प्रतिभा पहिचान कार्यक्रम मार्फत स्कूल खेलकुदलाई पाठ्यक्रमको अभिन्न अङ्ग बनाइनेछ। साहसिक खेल र अल्ट्रा म्याराथन जस्ता नेपालका मौलिक सम्भावनाहरूलाई राष्ट्रिय गौरवको रूपमा प्रवर्द्धन गर्दै निजी लगानी प्रोत्साहित गरिनेछ। नेपाललाई साहसिक खेलको गन्तव्यको रूपमा विकास गरिनेछ। अपाङ्गमैत्री खेल पूर्वाधार निर्माणलाई प्राथमिकता दिइनेछ। खेलकुद क्षेत्रलाई उद्योगको रूपमा विकास गरिनेछ। त्रिभुवन विश्वविद्यालय अन्तर्राष्ट्रिय क्रिकेट मैदानलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसार स्तरवृद्धि गरिनेछ। नेपाललाई दक्षिण एशियाको खेलकुद हवको रूपमा विकास गरिनेछ।

नेपालमा द्विपक्षीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय खेलहरूको आयोजना गरी खेल पर्यटनको प्रवर्द्धन गरिनेछ। खेलकुदलाई सफ्टपावरको रूपमा प्रयोग गरी नेपाललाई क्षेत्रीय र अन्तर्राष्ट्रिय आयोजनास्थलको रूपमा स्थापित गर्दै "क्रिकेट कूटनीति" मार्फत नेपालको अन्तर्राष्ट्रिय छवि सुधार र कूटनीतिक सम्बन्ध विस्तार गरिनेछ।

खेलकुदलाई पेशाको रूपमा विकास गरिनेछ। आवधिक रूपमा विद्यालयस्तर, प्रदेशस्तर र राष्ट्रियस्तमा खेल प्रतियोगिता सञ्चालन गरी उत्कृष्ट खेलाडीहरूको उत्पादन गरिनेछ। खेलकुद र खेलाडीहरूको प्रशिक्षणलाई उच्च प्राथमिकता दिइनेछ भने खेलकुद प्रशिक्षणलाई वैज्ञानिक, प्राविधिक तथा परिणाममुखी बनाइनेछ। महिला तथा समावेशी खेलकुद प्रवर्द्धन गरिनेछ।

खेलाडी खेलबाट पलायन हुनुपर्ने अवस्थाको अन्त्य गर्न नियमित लिग हुने वातावरण, उचित पारिश्रमिक र पुरस्कार राशी समयमै पाउने व्यवस्था गरिनेछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार, काठमाडौं

गोविन्द बहादुर कार्की
सचिव

## १७. विपद् व्यवस्थापन

नेपाल बहुआयामिक विपद् जोखिमको अवस्थामा रहेको हुँदा पूर्वतयारीमा आधारित विपद सुरक्षा नीति अवलम्बन गरिनेछ। बाढी र पहिरोको उच्च जोखिममा रहेका क्षेत्रको पहिचान र अद्यावधिक नक्शाङ्कन, वहुप्रकोपीय पूर्वचेतावनी प्रणालीको विकास, सुरक्षित र एकीकृत वस्ती स्थानान्तरणको व्यवस्था गर्नुका साथै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई थप सक्षम बनाइनेछ।

जोखिम न्यूनीकरण, पूर्व तयारी, तत्काल उद्धार र पुनर्स्थापनालाई एकीकृत गर्दै तथ्यमा आधारित नीति, सक्षम संस्थागत संयन्त्र र समुदायको सहभागिता मार्फत विपद् जोखिम न्यूनीकरण गर्ने प्रभावकारी, समावेशी र उत्तरदायी विपद् व्यवस्थापन प्रणाली निर्माण गरिनेछ। प्रदेश र स्थानीय तहको विपद् व्यवस्थापन क्षमता अभिवृद्धि गरिनेछ। विकास आयोजना निर्माण गर्दा विपद्जन्य जोखिम र त्यसको व्यवस्थापनमा ध्यान दिइनेछ।

प्राकृतिक विपद्बाट हुने जनधनको नोक्सानी कम गर्नका लागि एआईको प्रयोगका साथै डिजिटल प्रविधिमा आधारित नवीनतम पूर्वसूचना प्रणालीको विकास, खोजउद्धार, प्रतिकार्य र राहत वितरण कार्यहरूलाई चुस्त र दुरुस्त बनाइनेछ। आधारभूत र उच्च शिक्षाका पाठ्यक्रममा जलवायु परिवर्तन, विपद् व्यवस्थापन तथा प्रकोपजन्य जोखिम न्यूनीकरणका क्षेत्रमा स्वयंसेवकको रूपमा काम गर्न युवाहरूको आकर्षण र सहभागिता बढाइनेछ।

## १८. सहकारी क्षेत्रको नियमन र व्यवस्थापन

सहकारी र लघुवित्तको अनियन्त्रित र फितलो नियमनलाई विस्थापन गरी गैर बैंकिङ्ग वित्तीय क्षेत्रलाई राष्ट्र बैंकको प्रत्यक्ष र शक्तिशाली सुपरीवेक्षण प्रणालीभित्र ल्याइनेछ। सहकारी र लघुवित्तलाई कर्जा सूचना केन्द्रसँग आवद्ध गरी वास्तविक क्षमताका आधारमा मात्र कर्जा प्रवाह गरिनुका साथै उत्पादनशील, विनाधितो सामूहिक जमानी र स्थानीय सीपमा आधारित उद्यमशील कर्जामा केन्द्रित गरिनेछ। सहकारी संस्थाको नियमन र मापदण्ड सङ्घले बनाउने तथा प्रदेश र स्थानीय तहले सहकारी संस्थाको दर्ता, अभिलेख र सुशासन प्रणालीलाई प्रभावकारी बनाइने प्रबन्ध गरिनेछ।

सहकारी दर्ता, प्रतिवेदन, अनुगमन र सूचना प्रणालीलाई पूर्णत डिजिटल गर्नुका साथै सहकारीको व्यावसायीकरण, ब्राण्डिङ्ग, गुणस्तर प्रमाणीकरण र ई-कमर्श मार्फत राष्ट्रिय र अन्तर्राष्ट्रिय बजार पहुँच विस्तार गरिनेछ। यसैगरी युवा, महिला, श्रमिक र सीमान्तकृत समुदाय लक्षित सहकारी मार्फत रोजगारी र स्वरोजगारी सिर्जना गरिनेछ।

सहकारी बचतकर्ताको कमाई सुरक्षित गर्न "एकीकृत बचत सुरक्षा कोष" स्थापना गरी संकटग्रस्त संस्थाका बचतकर्तालाई प्राथमिकताका आधारमा भुक्तानी दिने व्यवस्था गरिनेछ। यसका साथै मिटरव्याज र अनुचित लेनदेन आर्थिक अपराधका रूपमा परिभाषित गरिनुका साथै विगतका सबै तमसुक र कपाली तमसुकहरूको न्यायिक छानविन गरिनेछ। मिटरव्याज र लघुवित्तका कारण मानसिक र शारीरिक यातना भोगेका पीडितहरूका लागि स्थानीय तहमा नि:शुल्क कानुनी सहायता र मनोसामाजिक परामर्शको व्यवस्था गरिनेछ।

सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार, काठमाडौं